प.सं. :- ०८२/८३

च.नं. :- ४६८

मिति :- वि.सं. २०८३/०१/०७

**विषयः वैदेशिक रोजगारी सम्बन्धी विषयमा सामाजिक सञ्जालमा भ्रामक विज्ञापन नगर्ने/नगराउने सम्बन्धी सूचना**

आकर्षक रोजगारीको प्रलोभन देखाइ सामाजिक सञ्जाल (टिकटक, फेसबुक, ह्वाट्सएप लगायत) का माध्यमबाट विज्ञापन गरी विश्वका विभिन्न देशमा कामदार लग्ने र उनीहरुलाई अनलाइन स्क्यामिङ्गको ठगी धन्दामा लगाउने गरेको पाइएको भन्दै विभिन्न देशमा अवस्थित नेपाली दुतावासबाट परराष्ट्र मन्त्रालय मार्फत यस बोर्डमा उजुरी प्राप्त भएको छ।

मानव तस्करीमा संलग्न व्यक्तिहरुले नेपाली युवायुवतीहरुलाई भ्रममा पारी सामाजिक सञ्जाल मार्फत ठग्ने गरेको समेत पाइएको र यसरी सामाजिक सञ्जाल मार्फत ठगी, प्रलोभन र भ्रममा परेर विभिन्न मुलुकमा वेवारिसे अवस्थामा रहेका युवायुवतीहरुको उद्धार दुतावास मार्फत हुँदै आइरहेको छ।

वैदेशिक रोजगार विभागबाट अनुमति/इजाजतपत्र प्राप्त कम्पनी मार्फत मात्र वैदेशिक रोजगारमा जान तथा सामाजिक सञ्जालमा प्रकाशित भ्रमपूर्ण विज्ञापनको भरमा नपर्न सर्वसाधारणलाई अनुरोध गरिन्छ। वैदेशिक रोजगार ऐन, २०६४ को दफा १६ तथा ऐ. नियमावलीको नियम १४ विपरीत विज्ञापन प्रकाशन तथा प्रसारण नगर्न नगराउनुहुन बोर्ड सम्बन्धित सबैमा अनुरोध गर्दछ।

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा ५ (२) (ञ) को भ्रम वा अफवाह फैलाउने विज्ञापन गर्न नहुने व्यवस्था र वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ विपरीत विज्ञापन भए गरेको पाइएमा तत्काल विज्ञापन बोर्डमा उजुरी गर्नुहुन अनुरोध छ। साथै त्यस्ता भ्रम तथा अफवाह फैलाउने तथा ठगी गर्ने उद्देश्यले प्रकाशित तथा प्रसारित विज्ञापन तत्काल हटाउन र भविष्यमा त्यस्ता कार्य नगर्न/नगराउन अनुरोध गर्दै त्यस्ता कार्य भए गरेको

पाइएमा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २५ बमोजिम कारबाही हुने बेहोरा समेत जानकारी गराईन्छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dilli Ram Subedi
dkt.adm2029@gmail.com

(डिल्ली राम सुवेदी)
शाखा अधिकृत